# लेटाङ नगरपालिका

## स्थानीय राजपत्र

खण्ड:९ संख्या:४ मिति:२०८२।०५।१५

भाग -१

लेटाङ नगरपालिका

लेटाङ नगरपालिका, मोरङ

# ज्येष्ठ नागरिकको संरक्षण ऐन, २०८२

# ज्येष्ठ नागरिकको संरक्षण ऐन, २०८२

**स्वीकृत मिति २०८२।३।१०**

**प्रमाणीकरण मिति २०८२।५।१५**

प्रस्तावनाः

उमेरका कारण शारीरिक र मानसिक रूपमा शिथिल हुँदै गइरहेको ज्येष्ठ नागरिकहरूको संरक्षण, सुरक्षा गर्नु सबैको सामाजिक कर्तव्य भएको महसुस गरी ज्येष्ठ नागरिकको संरक्षण गर्दै निजहरूको सुरक्षा गरी निजहरूमा रहेको लामो जिवनको ज्ञान र अनुभव वर्तमान पुस्ताका सन्तती र समाजलाई हस्तान्तरण तथा पुस्तान्तरण गर्न बाञ्छनीय भएकाले लेटाङ नगरपालिकाले लेटाङ नगरपालिका "**ज्येष्ठ नागरिकको संरक्षण ऐन, २०८२**" बनाई लागु गरेको हो।

परिच्छेद- १ प्रारम्भिक

१. संक्षिप्त नाम र परिभाषाः

(क) यस ऐनको नाम "ज्येष्ठ नागरिकको संरक्षण ऐन, २०८२" रहनेछ।

(ख) यो ऐन नगरसभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः बिषयका प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले दिर्घ रोग लागी वा चोटपटक लागेर हिडडुल गर्न नसक्ने जेष्ठ नागरिक सम्झनु पर्दछ।

लेटाङ नगरपालिका, मोरङ

(ख) "असहाय ज्येष्ठ नागरिक" भन्नाले कानुनमा तोकिए अनुसार तोकिएको पालन पोषण गर्ने हकवाला वा संरक्षक फेला नपरेका ज्येष्ठ नागरिक सम्झनु पर्दछ।

(ग)"कोष" भन्नाले दफा १४ बमोजिम स्थापना र सञ्चालन हुने कोष सम्झनु पर्दछ।

(घ) "केन्द्र" भन्नाले लेटाङ नगरपालिकामा सञ्चालन गरिएको ज्येष्ठ नागरिकहरूको आश्रय, विश्राम, आवास र सहायताको रूपमा उपयोग गरिने ज्येष्ठ नागरिक हेरचाह सेवा केन्द्रलाई सम्झनु पर्दछ।

(ङ)"ज्येष्ठ नागरिक" भन्नाले ज्येष्ठ नागरिक ऐन मा व्ययवस्था भए बमोजिम उमेर पुरा भएका महिला र पुरूष नागरिकलाई सम्झनुपर्दछ।

(च) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिका सम्झनु पर्दछ।

(छ) "नगर उपप्रमुख" भन्नाले लेटाङ नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

(ज) "नगर प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(झ) "पालन पोषण" भन्नाले मानिसको न्यूनतम आवश्यकता अनुसार खाना, लत्ता कपडा, हेरचाहा, औषधि उपचार र अन्य आवश्यक व्यवस्था गरी ज्येष्ठ नागरिकको पालन पोषण सम्बन्धी कार्यलाई सम्झनु पर्दछ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम गर्न तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्दछ।

(ट)"वडा कार्यालय" भन्नाले लेटाङ नगरपालिकाका वडा तथा वडा समिति सम्झनु पर्दछ।

(ठ)"सभा" भन्नाले लेटाङ नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ड)"समिति" भन्नाले दफा ९ बमोजिम ज्येष्ठ नागरिक हेरचाहा केन्द्र संरक्षण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

लेटाङ नगरपालिका, मोरङ

(ढ)"हकवाला" भन्नाले कानुनले तोकेको परिवारको सदस्य सम्झनु पर्दछ।

परिच्छेद – २ व्यवस्थापन र सञ्चालन

३. ज्येष्ठ नागरिकलाई सम्मानजनक व्यहभार गर्नुपर्नेः नगरपालिकामा सबैले ज्येष्ठ नागरिकलाई सम्मानजनक व्यवहार गर्नुपर्नेछ। कुनै पनि व्यक्तिले ज्येष्ठ नागरिकको इज्जत, प्रतिष्ठामा आँच आउने असभ्य वा त्यस्तो कुनै प्रकारको अपमान बोध हुने व्यवहार गर्न पाउने छैन ।

४. ज्येष्ठ नागरिकको पालन पोषण र हेरचाहः (१) ज्येष्ठ नागरिकको पालन पोषण र हेरचाह गर्ने कर्तव्य निजको परिवारका प्रत्येक सदस्य हुनेछ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य भएमा परिवारका सदस्यले कर्तव्य पालना नगरेमा ज्येष्ठ नागरिक वा निजको तर्फबाट जो कसैले वडा कार्यालय वा नगरपालिकामा उजुरी वा निवेदन दिन सक्नेछन्।

(३) उपदफा २ बमोजिम प्राप्त उजुरीको सम्वन्धमा वडाकार्यालय वा नगरपालिकाले न्यायिक समितिमार्फत परिवारका सदस्य झिकाई छलफल र मेलमिलाप गराउनु पर्नेछ। मेलमिलापको कार्यान्वयन नगरकार्यपालिका वा वडासमितिले गर्नुपर्नेछ।

(४) मेलमिलापको पालना नगर्ने व्यक्तिलाई स्थानीय तहबाट प्रवाह गरिने सिफारिस वा अन्य सेवा रोक्का गर्न सक्नेछ।

५. सम्पती आफुखुसी गर्न पाउनेः ज्येष्ठ नागरिकले आफ्नो अंश भागको सम्पती आफु खुसी हक हस्तान्तरण वा वेचविखन गर्न पाउने छन्। त्यस्तो सम्पती बिक्री बितरण वा भोग गर्न परिवारका सदस्यको मन्जुरी लिने आवश्यक पर्ने छैन।

६. छुट सुविधाः नगरपालिकाबाट प्रदान गरिने सेवावापत लिइने शुल्कमा तोकिए बमोजिम ज्येष्ठ नागरिकलाई छुट दिन सक्नेछ।

७. संरक्षण तथा व्यवस्थापन समिति गठनः ज्येष्ठ नागरिकको हेरचाह, स्याहार, संरक्षण तथा सामाजिक सुरक्षा प्रदान गर्न नगरपालिकाले देहाय बमोजिमको एक ज्येष्ठ नागरिक संरक्षण तथा व्यवस्थापन समिति रहनेछ।

(क) उपप्रमुख- अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग)योजना शाखा प्रमुख -सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ङ)कार्यपालिका सदस्य मध्येबाट नगरपालिकाले तोकेको १ जना- सदस्य

(च) नगर प्रहरी प्रमुख- सदस्य

(छ) महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्वन्धित संस्थाबाट नगर कार्यपालिकाले मनोनित १ महिला सहित २ जना -सदस्य

(ज) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख- सदस्य सचिव

लेटाङ नगरपालिका, मोरङ

८. समितिको काम कर्तव्य र अधिकारः (१) समितिले केन्द्र सञ्चालन व्यवस्थापन र सञ्चालनका लागि यस दफा बमोजिम काम कर्तव्यहरू रहनेछन्।

(क) ज्येष्ठ नागरिक सम्वन्धी नीति, स्थानीय नीति, योजना, कार्यक्रम बनई नगरपालिकामा पेश गर्ने

(ख) नगरपालिकाबाट पारित ज्येष्ठ नागरिक सम्बन्धी नीति, योजना, कार्यक्रम कार्यान्वयन गर्ने गराउने र अनुगमन गर्ने

(ग) नगरपालिकाबाट निर्माण गरिने ज्येष्ठ नागरिक हेरचाह तथा संरक्षण केन्द्र व्यवस्थापन तथा संचालन गर्ने,

(घ) केन्द्रको व्यवस्थापन सम्बन्धित नियमावली, कार्यविधि, मापदण्डहरू नगरपालिकामा प्रस्ताव गर्ने,

(ङ) नगरक्षेत्रभित्र सञ्चालनमा रहेका ज्येष्ठ नागरिक संरक्षण गर्ने संघसंस्था सँग समन्वय गर्ने र सम्बन्धित कामको रेखदेख अनुगमन गर्ने,

(च) वडागत रूपमा ज्येष्ठ नागरिक संरक्षण सम्वन्धी सचेतना कार्यक्रम संचालन गर्ने,

(छ) केन्द्रमा रहेको ज्येष्ठ नागरिकालाई परिचयपत्र व्यवस्थापकीय कार्यमा सहजीकरण गर्ने।

९. ज्येष्ठ नागरिक हेरचाह तथा संरक्षण केन्द्र स्थापनाः (१) स्थानीय सरकार सञ्चालन ऐनमा ज्येष्ठ नागरिक सम्बन्धी कामहरू गर्न नगरपालिकामा एक ज्येष्ठ नागरिक हेरचाह तथा संरक्षण केन्द्र स्थापना गर्न सकिनेछ।

लेटाङ नगरपालिका, मोरङ

(२) केन्द्र सञ्चालनको प्रमुख जिम्मेवारी नगरपालिका र दफा ७ बमोजिमको समितिको रहने छ।

(३) उपदफा (१) बमोजिम केन्द्र स्थापना गर्दा नगरपालिका भित्र सामाजिक रूपमा संचालनमा रहेका अन्य संस्था र केन्द्रसँग आवश्यक सहकार्य समेत गर्न सक्नेछ।

(४) उपदफा १ बमोजिम केन्द्रको पुर्वाधार विकास नगरपालिकाले गर्नेछ।

(५) केन्द्रमा राखुपर्ने ज्येष्ठ नागरिकको सिफारिस सम्वन्धित ज्येष्ठ नागरिकको बसोबास भएको वडाले गर्नुपर्नेछ।

(६) अदालत वा नेपाल सरकार वा अन्य ज्येष्ठ नागरिक संरक्षण गर्ने निकायबाट सिफारिस तथा आदेश भई आएको ज्येष्ठ नागरिक समेत त्यस्तो केन्द्रमा बस्न पाउने छन्। त्यसरी सिफारिस भई आएका ज्येष्ठ नागरिकको खर्च सिफारिस वा आदेश गर्ने निकायले बेहोर्नु पर्नेछ।तर अदालतको आदेश पालना गर्दा नगरपालिकाले खर्च वेहोर्नु बाधा पर्ने छैन।

(७) कुनै ज्येष्ठ नागरिकले आफ्नो खर्चमा केन्द्रमा बस्न चाहेमा त्यस्तो समितिले तोकेको शुल्क तिरेर केन्द्रमा बस्न सक्नेछन्।

(८) केन्द्रले ज्येष्ठ नागरिकको इच्छा अनुसार सामान्य धार्मिक, सामाजिक कार्य गर्ने अवसर प्रवन्ध गर्नु पर्नेछ।

(९) केन्द्रमा रहेको ज्येष्ठ नागरिकले चाहेको ठाउँमा जान, पारिवारिक मिलान गर्ने र तिर्थ गर्न पाउने प्रवन्ध गर्नु पर्नेछ।

(१०) केन्द्र संचालन सम्वन्धि अन्य कार्यहरू तोकिए बमोजिम हुनेछ।

लेटाङ नगरपालिका, मोरङ

(११) केन्द्र संचालनका लागि मानविय संसाधनको व्यवस्था समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम करार सेवामा व्यवस्था गरिनेछ निजहरूको तलव तथा सुविधा समेत कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

१०. बेवारिसे ज्येष्ठ नागरिकको व्यवस्थापनः (१) बेबारिसे ज्येष्ठ नागरिक फेला परेको नजिकको प्रहरी कार्यालयको सिफारिसको आधारमा त्यसरी फेला परेको ज्येष्ठ नागरिक तत्कालका लागि हेरचाह केन्द्रमा राखु पर्नेछ।सोको आवश्यक व्यवस्थापन समितिले गर्नुपर्नेछ।

११. हेरचाह केन्द्रमा रहेका ज्येष्ठ नागरिको नियमित स्वास्थ्य परिक्षण र सेवा नगर अस्पतालले गर्नुपर्नेछ।

१२. गम्भिर रोग लागेका ज्येष्ठ नागरिकको उपचार गर्न नगरपालिकाले नेपाल सरकारले प्रदान गर्ने सेवाका लागि तोकेको स्थानमा तुरुन्त सिफारिस गरी समन्वय गर्नु पर्नेछ।

१३. सव अन्त्येष्ठी सम्बन्धी व्यवस्थाः (१) केन्द्रमा रहेको ज्येष्ठ नागरिकको मृत्यु भएमा सामाजिक परम्परा अनुसार वा निजले जिवित हुँदै इच्छाएको धार्मिक परम्परा अनुसार नगरपालिकाले अन्तेष्ठी गर्नुपर्नेछ।

(२) कुनै ज्येष्ठ नागरिकको परिवारका सदस्यले मृत्यु पछि अन्त्येष्टि र काजक्रियाको लागि माग गरेमा त्यस्तो परिवाको जिम्मामा दिन सकिनेछ।

१४. सम्पती सम्वन्धी व्यवस्थाः उपदफा (१३) बमोजिम हेरचाह केन्द्रमा रहेको ज्येष्ठ नागरिकको सम्पती प्रचलिन कानूनमा जुन सूकै कुरा लेखिएको भएपनि त्यस्तो मृतकको सम्पती हेरचाह केन्द्रको हुनेछ।

तर परिवारको सदस्यको मंजुरीले आफ्नो खर्चमा केन्द्रमा बस्ने ज्येष्ठ नागरिकको सम्पती भने प्रचलित कानून बमोजिम हुनेछ।

१५.ज्येष्ठ नागरिकको हेरचाह कोषः (१) ज्येष्ठ नागरिक हेरचाह केन्द्र संचालका लागि नगरपालिकाले एक कोष निर्माण गर्नुपर्ने छ जस्को सञ्चालन ज्येष्ठ नागरिक संरक्षण समितिले गर्नेछ।

(२) कोषमा देहाय बमोजिमको रकम रहेनेछः

अ. नेपाल सरकारबाट प्राप्त अनुदान,

आ. नगरपालिकाबाट बिनियोजित रकम

इ. कुनै दाताबाट प्राप्त निशर्त सहयोग

ई. केन्द्रमा मृत्यु भएका ज्येष्ठ नागरिकको अन्त्येष्ठि गरी दफा १३ बमोजिम बाँकी रहेको सम्पती

१६. प्रतिवेदन पेश गर्नुपर्नेः ज्येष्ठ नागरिक संरक्षण समितिले नगर सभामा बार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

परिच्छेद- ३ विविध

१७. यस ऐनको उदेश्य प्राप्ति र कार्य सञ्चालन गर्न नगरपालिकाले नियमावली तथा कार्यविधि बनाई लागु गर्नुपर्नेछ।

१८. बाधा अड्काउ फुकाउः यस अघि भएका कार्यहरू यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

१९. खारेजी तथा बचाउः कार्यविधिमा भएका व्यवस्थाहरू संघीय ऐन तथा कानुनसँग बाझिएमा त्यसरी बाझिएको हदसम्म संघीय कानुन बमोजिम हुनेछ।

आज्ञाले विष्णु प्रसाद सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।३।२३

लेटाङ नगरपालिका, मोरङ

लेटाङ नगरपालिका, मोरङ